| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा । | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो । |
| २ | अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन सम्बन्धमा । | चालु आर्थिक बर्ष २०८२/८३ को नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्बन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो । आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. ५ लाई सामाग्री उपलव्ध गराउने सम्वन्धमा । | निर्वाचन अधिकृतको कार्यालय, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ५ श्रीसमाज भवनको लागि माग बमोजिमका सामाग्री एवं संरचनाहरु उपलव्ध/निर्माण गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| ४ | नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ३ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी संचालन गर्ने । |
| ५ | DPR अनुसारको कार्य संचालन सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. २ स्थित चण्डेश्वरी मन्दिर परिसरको स्वीकृत DPR बमोजिम लागत अनुमान रु. १८६४१४०२७/७३ रहेकोमा उल्लेखित रकम तत्काल स्रोत व्यवस्थापन गर्न नसकिएकोले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा स्रोत व्यवस्थापनको पहल गर्दै जेजति स्रोत व्यवस्थापन हुन्छ सोहि बमोजिम DPR अनुसारका आवश्यक संरचनाहरु क्रमशः निर्माण गर्दै लैजाने । हाललाई १७ औं नगरसभाबाट चण्डेश्वरी मन्दिर भौतिक पूर्वाधार निर्माण शिर्षकमा रु.२५ लाख एवं १८ औं नगरसभाबाट सोहि शिर्षकमा रु.३५ लाख विनियोजन भएकोले DPR बमोजिम मध्ये पाटी निर्माण लगायत अन्य संरचना निर्माण गर्ने कार्य विनियोजित रकमको परिधिभित्र रही सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएको उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ११ स्थित नदि उकास विष्णुमति पार्क निर्माण सम्बन्धी कार्यको लागि नगरसभाको १७ औं अधिवेशनबाट रु २५ लाख रकम विनियोजन भएकोमा स्वीकृत DPR बमोजिम संरचना निर्माणको लागि लागत अनुमान मध्ये नपुग रकम आगामी नगरसभाबाट स्रोत सुनिनिश्चित हुने गरी ठेक्का मार्फत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने । |

CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>६</td><td>विद्यालयको कक्षा थप तथा नाम परिवर्तन सम्बन्धमा ।</td><td>१. टोखा नगरपालिका नगरशिक्षा समितिको सिफारिसको आधारमा टोखा नगरपालिका भित्र संचालित तपशिल वमोजिमका विद्यालयहरुको कक्षा थप र नाम परिवर्तनको लागि अनुमति प्रदान गर्ने ।<br>क. कक्षा थपको लागि अनुमति प्रदान गरिएको विद्यालयको विवरणः
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>वडा नं.</th><th>अनुमति दिईएको थप कक्षा</th><th>कै</th></tr>
<tr><td>१</td><td>शुभश्री वैकल्पिक विद्यालय</td><td>७</td><td>१० (चौथो तह)</td><td></td></tr>
<tr><td>२</td><td>एन्जल प्याराडाइज स्कुल</td><td>३</td><td>१०</td><td></td></tr>
<tr><td>३</td><td>चुनदेवी आधारभूत विद्यालय</td><td>६</td><td>२</td><td></td></tr>
</table>
ख. नाम परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयको विवरणः-
<table>
<tr><th>क्र.स</th><th>साविकको नाम</th><th>हाल कायम हुने नाम</th><th>वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१</td><td>विष्णुमति आवासीय माध्यमिक विद्यालय</td><td>चाणक्य पाठशाला</td><td>९</td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td>पाठ्यपुस्तक निर्माण तथा संशोधनको सैद्धान्तिक सहमति दिने सम्बन्धमा ।</td><td>१. टोखा नगरपालिकाको हाम्रो टोखा ( कक्षा १-८) को पाठ्यक्रम परिमार्जन र कार्यान्वयनका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।<br>२. सूचना प्रविधि विषयक (कक्षा ६-८) को पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>८</td><td>आर्थिक सर्वेक्षण, २०८२ सम्बन्धमा ।</td><td>टोखा नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८२/८३ सम्पन्न गर्नको लागि १८ औं नगरसभाको सि.नं. ४४ मा विनियोजित रकम मध्येबाट परामर्श सेवा शुल्क वापत रु. ५ लाख उपलव्ध गराउने गरी आवश्यक परामर्श सम्बन्धी कार्य गर्ने/गराउने गरी काठमाडौं विश्वविद्यालय नेपाल समसामयिक अध्ययनकेन्द्र (KU-NCCS) सँग समझदारी गरी प्रकृया अगाडि बढाउने ।</td></tr>
<tr><td>९</td><td>विभिन्न कानुन स्वीकृत एवं निर्माण/संशोधन को लागि सैद्धान्तिक सहमति सम्बन्धमा ।</td><td>१. यसै साथ संलग्न टोखा नगरपालिकाको शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।<br>२. यसै साथ संलग्न टोखा नगरपालिकाको शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८२ स्वीकृत गर्ने ।<br>३. यसै साथ संलग्न टोखा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण मापदण्ड, २०८२ स्वीकृत गर्ने ।<br>४. टोखा नगरपालिकाको आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि, २०७५ लाई संशोधन गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।<br>५. टोखा नगरपालिकाको आपतकालिन कार्य संचालन विधि,२०८२ निर्माणको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>१०</td><td>उपभोक्ता समिति दर्ता सम्बन्धमा</td><td>१. टोखा नगरपालिका वडा नं. १ स्थित तामाङ्ग वस्ती खानेपानी पूर्वाधार निर्माण उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | । | नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिका वडा नं. ५ स्थित शिवमार्ग टोल उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । |
| ११ | स.क.अ.श्री सुवास सापकोटाको असाधारण विदा स्वीकृत सम्बन्धमा । | बागमती प्रदेश सभाबाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६० बमोजिम टोखा नगरपालिका सूचना प्रविधि शाखामा कार्यरत सहायक कम्प्युटर अधिकृत (छैटौं) तहका श्री सुवास सापकोटा (क.सं.नं. २३२१३९)को माग निवेदन अनुसार निजको मिति २०८३/०४/११ देखि २०८४/४/१० सम्मको वेतलवी असाधारण विदा स्वीकृत गर्ने । |
| १२ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा। | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशिलका निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | स्याम्युल एण्ड सन्जिला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-११ | |
| २. | जय भेले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| ३. | अलका इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ४ | अर्वन पिनाकल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | टोखा-८ | |
| ५ | रक्षा इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ६ | निरजला निर्माण सेवा | टोखा-११ | |
| ७ | बगलामुखी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| ८ | घोला निर्माण सेवा प्रा.लि. | टोखा-७ | |
| ९ | निमा देवी कन्स्ट्रक्सन प्रा.लि. | टोखा-३ | |
| १० | निरन्तर निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| ११ | एम.एस.शिवपुरी कन्स्ट्रक्सन प्रा.लि. | टोखा-२ | |
| १२ | आर.के.सप्लायर्स एण्ड निर्माण सेवा प्रा.लि. | टोखा-८ | |
| १३ | धनभक्तेश्वर कन्स्ट्रक्सन प्रा.लि. | टोखा-३ | |
| १४ | फ्युचर डिलाईट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-११ | |
| १५ | जोजो इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| १६ | श्रीयान्स बिल्डर्स प्रा.लि. | टोखा-८ | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १३ | टोल विकास संस्था/गैह | टोखा नगरपालिकाको विभिन्न आर्थिक बर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट कैफियत जनाईएकोले टोखा नगरपालिका भित्र संचालन हुने निमार्ण कार्य सम्वन्धी आयोजनाहरु टोल |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | सरकारी संस्था मार्फत निर्माण कार्य नगर्ने नगराउने सम्बन्धमा । | विकास संस्था तथा गैह्र सरकारी संस्था मार्फत कार्यान्वयन नगर्ने नगराउने । |
| १४ | अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा सम्बन्धमा । | टोखा नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका लागि संघ तथा प्रदेश सरकार समेतको सहकार्यमा घोषणाको तयारी गर्न तथा वाग्मती प्रदेश सरकार, शिक्षा विकास निर्देशनालयमा पेस गरिएको प्रस्ताव अनुमोदन गर्ने । |
| १५ | वडा शिक्षा समिति गठन सम्वन्धमा | टोखा नगरपालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा भएको नगर घोषणा गर्नको लागि सबै वडाहरुमा वडाध्यक्षको संयोजकत्वमा तपशिल बमोजिम वडा शिक्षा समिति गठन गर्ने<br>वडाध्यक्ष- संयोजक<br>वडा सदस्यहरु- सदस्य<br>सम्बन्धित वडामा रहेको सामुदायिक विद्यालयको प्र.अ. मध्येबाट एकजना- सदस्य<br>संस्थागत विद्यालय मध्येबाट नगर प्रमुखले तोकेको प्रतिनिधि एक जना- सदस्य<br>टोखा अपेनको प्रतिनिधि एकजना- सदस्य<br>सम्बन्धित वडा सचिव- सदस्य सचिव<br>(नोटः सामुदायिक विद्यालय नरहेका वडामा संस्थागत विद्यालयबाट २ जना सदस्य) |
| १६ | आयोजना स्वीकृत गरी रकम विनियोजन गर्ने सम्बन्धमा । | १. वडा नं. ४ स्थित भगवती मार्ग राजु भण्डारीको घर पछाडिको खहरे नियन्त्रण/ वाल निर्माणको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. १० लाख विनियोजन गर्ने ।<br>२. वडा नं. ३ स्थित ग्राण्डीभिल्ला क्रियापुत्रीबाट माथि मन्दिर हुदै वानियाँटार मूल सडक जोड्ने बाटो स्तरोन्नतीको आयोजना स्वीकृत भई रकम समेत विनियोजन भएकोमा सो कार्य सम्पन्न गर्नको लागि लागत अनुमान बमोजिम नपुग हुने रकम रु. ८ लाख, १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट थप गरी बाटो स्तरोन्नतीको आयोजना संचालन गर्ने ।<br>३. वडा नं. ३ स्थित बानियाँटार हाईट भित्रीवस्ती राम बानियाँको घरदेखि राम कुमार तामाङ्गको सडक ढलान एवं उत्तरतरफ पर्खाल निर्माण कार्यको लागि रकम विनियोजन भई विनियोजित रकमबाट कार्य सम्पादन भई रहेकोमा केहि खण्ड बाकी रहेकोले उक्त बाँकी भागको लागि पुरा गर्ने कार्य स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ६ लाख थप विनियोजन गरी उल्लेखित कार्य सम्पन्न गर्ने । |
| १७ | नापजाँच टोलीलाई अतिरिक्त सुविधा सम्बन्धमा । | नगरक्षेत्र भित्रको सार्वजनिक जग्गा, करिडोर लगायतका जग्गा नापजाँचमा खटिने प्राविधिक टोलीलाई कामको जोखिम तथा अतिरिक्त समय कम्तिमा ३ घण्टा खटिएवापत सम्वन्धित वडा कार्यालय/ सार्वजनिक जग्गा संरक्षण समितिबाट सिफारिस भएको अतिरिक्त समय खटिएको प्रमाणित हुने कागजात तथा सम्वन्धित नापी टोलीले पेश गरेको नापजाँच |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रतिवेदन समेतको आधारमा प्रतिदिन प्रतिव्यक्ति खाना, खाजा खर्चका अतिरिक्त रु १५००/- भत्ता उपलव्ध गराउने । |
| १८ | औषधि उपचार सहयोग सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. २ बस्ने सीमा आचार्य श्रेष्ठको पित्त थैलीको रोगबाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता रु. ४० हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| १९ | विपद् तालिममा सहभागिहरुलाई यातायात खर्च उपलव्ध गराउने सम्बन्धमा । | विपद् व्यवस्थापन कार्यमा खटिने Quick Response Tem का सदस्य लगायत अन्य जनशक्तिलाई विपद् व्यवस्थापन तथा प्रतिकार्य सम्वन्धी तालिममा सहभागि हुदाँ प्रति दिन प्रतिब्यति रु. ५००/- का दरले यातायात खर्च वापत उपलव्ध गराउने । |
| २० | सडक बोर्ड नेपालबाट संचालन गरीने स्थानीय सडक मर्मत संभारको योजना छनौट सम्बन्धमा | सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंको मिति २०८२-९-२८, च.नं. ६७८ को पत्रानुसार यस नगरपालिका भित्रका स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक मर्मत संभार कार्यक्रम अन्तर्गत कार्यान्यवन हुने गरी टोखा नगरपालिकाको **वडा नं. १** स्थित फुलबारी बिडारीगाउँ, दुलालगाउँ, टौंसीडाँडा जोड्ने सडक स्तरोन्नती को आयोजना छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंलाई पत्राचार गर्ने । सडक बोर्ड नियमावली, २०६० बमोजिम टोखा नगरपालिकाले लागत सहभागिता बमोजिम व्यहोर्नु पर्ने ३० प्रतिशत रकम नगरसभाको १७ औं अधिवेशनबाट स्वीकृत बार्षिक योजना किताबको सि. नं. १२६३ स्थानीय उपभोक्ता लागत सहभागिता कार्यक्रम मा विनियोजित रकम मध्येबाट व्यहोर्ने । |
| २१ | कारखाना तथा वर्कसप अनुगमन/ सिफारिस सम्बन्धमा । | टोखा नगरपालिका भित्र मोटरसाइकल, स्कुटर तथा मोपेड आदि वर्कशपहरुको व्यवसाय दर्ता तथा नविकरण गर्ने प्रयोजनको लागि यातायात व्यवस्था विभागबाट जारी कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४ अनुसार निम्न भौतिक संरचना सम्बन्धि न्यूनतम मापदण्ड पूरा गर्ने वर्कशपको व्यवसाय दर्ता तथा नविकरणको कार्य अगाडी बढाउने । साथै, उक्त वर्कशपले प्रचलित कानुन बमोजिम श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेशबाट अनुमति लिनु पर्ने प्रावधान क्रमश पुरा गर्दै जान समेत सूचित गराउने ।<br>✓ सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने ।<br>✓ मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने ।<br>✓ कम्तिमा १२ वर्ग मीटरको कोठा हुनु पर्ने ।<br>✓ कम्तिमा ५ थान मोटरसाइकल अट्न सक्ने स्थान भएको ।<br>✓ आवश्यक औजार भएको हुनुपर्ने ।<br>✓ शिक्षण संस्था तथा अस्पतालसंग जोडिएको हुन नहुने ।<br>✓ सवारी तथा पैदल यात्रुको आवागमनमा बाधा पुग्ने गरी मर्मत कार्य गर्न नहुने ।<br>✓ उचित फोहोर व्यवस्थापन भएको हुनुपर्ने। |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ✓ प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने ।<br>✓ अग्नी नियन्त्रण (Fire Extinguisher) ( at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने।<br>उल्लेखित मापदण्ड पूरा भए नभएको सम्बन्धमा अनुगमन गर्न निम्न अनुसारको अनुगमन समिति गठन गर्नेः<br>सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक<br>वातावरण तथा विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख — सदस्य<br>आवास तथा बस्ती शाखाको सम्बन्धित वडा हेर्ने प्राविधिक — सदस्य |
| २२ | निर्माण कार्यको अनुदान निकासा/ हस्तान्तरण सम्बन्धमा । | १. टोखा नगरपालिका ३ नं. वडा कार्यालयको मिति २०८२-९-२८,च.नं. ३९५० को पत्रानुसार वानियाँटार हाईटमा भिल्ला पम्पबाट आएको ४ ईन्च पाइपमा ४ ईन्चको HDPE पाईपमा ईन्टरकनेक्सन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.बाट प्राप्त लागत अनुमान रु. १२४२७५/००, नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. १२४२७५/०० विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं. ३ स्थित धनेश्वरी आमा समाजको सामुदायिक भवन अगाडिको सडकको टर्निङ्ग वीचमा परेको एल.टी.लाईनका १ थान फलामको पोल सडकको किनारामा सारी व्यवस्थित गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरण,वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमति प्रादेशिक कार्यालय,बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्रको मिति २०८२-२-२९,च.नं. ६०० को पत्रानुसार लागत अनुमान बमोजिको रकम रु. १२१२६८/८७ १७ औं अधिबेशनको सि.नं. ३२७ मा विनियोजित रकम मध्येबाट रु. १२१२६८/८७ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण,वितरण तथा ग्राहक सेवा निर्देशनालय, बागमति प्रादेशिक कार्यालय,बागमती प्रदेश, महाराजगञ्ज वितरण केन्द्रलाई अनुदान निकासा उपलव्ध गराउने । |
| २३ | योजना सम्झौता रद्ध गर्ने सम्बन्धमा । | १. वडा नं. ८ स्थित पूर्ण महर्जनको घर देखि शोभा तामाङ्गको घर तर्फ जाने सडक स्तरोन्नती कार्यको लागि मिति २०८२-२-०१ मा हिमालयन टोल विकास संस्थासँग सम्झौता भएकोमा उक्त संस्थाले हाल सम्म कार्य प्रारम्भ नगरेकोले सो समितिसँग भएको सम्झौता रद्ध गरी उक्त आयोजना विद्युतिय बोलपत्रको माध्यमबाट खरिद प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. ४ स्थित भगवती मन्दिर ओरालो बाटो स्तरोन्नती कार्यको लागि मिति |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २०८२-२-१६ मा सर्वोदय टोल विकास संस्थासँग सम्झौता भएकोमा उक्त संस्थाले हाल सम्म कार्य प्रारम्भ नगरेकोले सो संस्थासँग भएको सम्झौता रद्ध गरी वडा कार्यालयबाट सिफारिस हुने उपभोक्ता समितिसँग सम्झौता गरी आयोजना निर्माण प्रकृया अगाडि बढाउने । |
| २४ | सामुदायिक भवन निर्माण सम्बन्धी आयोजना कार्यान्वयन सम्बन्धमा । | नगरसभाको १७ औं अधिवेशनबाट सि.नं. ४२७ मा चापाँबोट तामाङ्ग वस्ती सामुदायिक भवन निर्माण शिर्षकको आयोजना स्वीकृत भई रु. २० लाख रकम विनियोजन भएकोमा विनियोजित रकमको परिधिभित्र रही हाल निर्माण हुने संरचनाको लागत अनुमान तयार गरी उक्त सामुदायिक भवन निर्माणको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आउने सार्वजनिक जग्गामा वडा कार्यालयबाट सिफारिस भई आउने उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी सम्झौता प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| २५ | विविध | टोखा नगरपालिकामा हाल सम्म निर्माण भएका कानुनहरुको कार्यान्वयनको अवस्था अध्ययन (कानुनी लेखापरीक्षण) कार्य परामर्श सेवा मार्फत प्रकृया अगाडि बढाउनको लागि १७ औं नगरसभाको परामर्श सेवा शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने । |